## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०९।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. गाउँपालिकाको सङ्गठन चार्ट स्वीकृत सम्बन्धमा :-**

प्रस्तुत विषयमा नेपाल सरकारले स्थानीय तहहरुको लागि दरवन्दी संरचना सहितको संगठन चार्ट स्थानीय तहहरुमा पठाएकोमा यस गाउँपालिकाको लागि यसै निर्णयको साथमा राखिए बमोजिमको संगठन चार्टको स्वीकृत गर्ने निर्णय गरियो ।

**२. प्राविधिक शिक्षा स्वीकृती सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ३ हात्तीसुँडेमा रहेको श्री बुद्ध माद्यामिक विद्यालयले प्राविधिक शिक्षा सञ्चालनका लागि अनुमती माग गरेकोमा उक्त विद्यालयलाई सो विषय सञ्चालन गर्नका लागि अनुमती प्रदान गर्ने तथा सम्बन्धित् निकायहरुलाई सिफारिश गर्ने निर्णय गरियो ।

**३. महिला विकास कार्यक्रम सञ्चालन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको आ व २०७६।७७ को बजेटमा महिला तथा बालबालिका कार्यक्रम अन्तर्गत लोक सेवा कक्षा गाउँपालिका परिसरमै एक ठाउँमा सञ्चालन गर्ने, कम्प्यूटर कक्षा साविक श्रीपुर छतिवन र साविक ठिंगन गा वि स गरि दुई ठाउँमा सञ्चालन गर्ने र सिलाई कटाई कार्यक्रम सिलाई कटाई सम्बन्धि कार्य गरिरहेका उद्यमीहरुलाई थप सिप सिकाउने गरि कार्यक्रम सञ्चालनको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**४. आरन चुलो सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको आ व २०७६।७७ को बजेटमा महिला तथा बालबालिका कार्यक्रम अन्तर्गत दलित जनजातीको लागि आरन सुधार कार्यक्रम रहेकोमा सो कार्यक्रमको प्रकृया सञ्चालन गर्ने निर्णय गरियो ।

**५. खरको छानो विस्थापन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले पाँचौ गाउँसभा मार्फत खरको छानो मुक्त गाउँपालिकाको नीति लिएको र आ व २०७६।७७ का लागि रु दश लाख रकम बजेट विनियोजन गरिएकोमा बकैया गाउँपालिका जस्ताको छानो वितरण कार्यविधि स्वीकृत गर्दै नमुना कार्यक्रमको रुपमा वडा नं. १ यस वर्षको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**६. आवधिक योजना र राजश्व सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले वार्षिक नीति कार्यक्रम तथा बजेट मार्फत वार्षिक योजनाको आधारमा गाउँपालिका सञ्चालन गर्दै आइरहकोमा गाउँपालिकाको दिगो विकासका लागि आवधिक योजना बनाउनुपर्ने आवश्यकता रहेको हुँदा गाउँपालिका आवधिक योजना निर्माणको प्रकृया सञ्चालन गर्ने निर्णय गरियो। साथै गाउँपालिकाको राजश्व संकलनमा वृद्धि गर्न तथा राजश्व संकलनलाई थप व्यवस्थित बनाउन राजश्व संभाव्यता अध्ययन तथा राजश्व सुधार कार्य योजना समेत निर्माणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका मकवानपुर

**७. आर्थिक सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा सहिद क. रुद्र पाखिन स्मृति पार्क (मकवानपुरगढी-४ मकवानपुर)ले सहिद रुद्र पाखिनको १७औं स्मृति दिवसको अवसरमा पौष २८ गते मकवानपुर जिल्लाको सबै स्थानीय तहको टिमहरुको सहभागितामा मकवानपुर गढी गाउँपालिका वडा नं. ३ को फुटसल मैदानमा फुटसल प्रतियोगिता सञ्चालन गर्ने र सो को लागि यस गाउँपालिकासँग प्रतियोगिताको प्रस्तावना सहित आर्थिक सहयोग माग गरेकाले यस गाउँपालिकाको तर्फबाट रु ५०,०००।– (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै यस बकैया गाउँपालिका वडा नं ५ पावस स्थित श्री गीतावर आधारभूत विद्यालयले उक्त विद्यालयमा विगतमा विभिन्न संस्थाहरुबाट प्राप्त कम्प्यूटरहरुमध्ये ६ वटा कम्प्यूटर बिग्रेको र मर्मतका लागि विद्यालयमा स्रोत नभएका कारण विद्यार्थीलाई कम्प्यूटर सिकाउने कार्य समेत प्रभावित भएको जनाउँदै कम्प्यूटर मर्मतका लागि आर्थिक सहयोग माग गरेकोमा सो विद्यालयलाई पनि रु ५०,०००।– (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**८. गाउँपालिका पार्श्वचित्रको रकम भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले अघिल्लो आर्थिक वर्षमा कोटेशन प्रकृयाद्वारा छानिएको काठमाडौंको **Intensive Study & Research Centre Pvt.Ltd.,** नामक संस्थासँग संझौता गरी गाउँपालिका पार्श्वचित्र निर्माणको जिम्मा दिएको तर निर्धारित समयमा पार्श्वचित्र उपलब्ध नगराएको कारण संझौता बमोजिमको बाँकी अन्तिम भुक्तानी नगरिएकोमा उक्त संस्थाले गाउँपालिका सभाहलमा पार्श्वचित्रको अन्तिम प्रस्तुतीकरण गरि पार्श्वचित्र निर्माणको अन्तिम चरणमा रहेकोमा सो पार्श्वचित्र प्राप्त भए पश्चात यसै आ व को बजेटबाट बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

**९. विद्युत साझेदारी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ को बजेट अन्तर्गत भालुखोला टिकुली विद्युत विस्तार आयोजनाको रु. ९,००,०००।– र सुधा ज्यामिरे विद्युत विस्तार आयोजनाको लागि रु. ८,००,०००।– गरि जम्मा रु. १७,००,०००।– रकम विद्युत प्राधिकरणसंगको साझेदारीमा सञ्चालन गर्ने निर्णय गरियो ।

**१०. खेलकुद बजेट ब्रेक डाउन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा 'बकैया गाउँपालिका-कार्यक्रम' शिर्षक अन्तर्गत रहेको खेलकुद विकास कार्यक्रम' उपशिर्षकको रकमलाई तपशिल बमोजिम ब्रेक डाउन गरी कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपशिल</u>

| क सं | विवरण | रकम(हजारमा) |
|---|---|---|
| १ | जुरेली कभर्ड हल निर्माण | २५,००,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर

...बहादुर खनाल

| | | |
|---|---|---|
| २ | फुटबल खेल आयोजना | १५,००,०००।- |
| ३ | कराँते खेल आयोजना | ५,००,०००।- |
| ४ | भलिबल खेल आयोजना | ३,००,०००।- |
| ले ५ | क्रिकेट खेल आयोजना | १,००,०००।- |
| ६ | विविध | १,००,०००।- |


**११. सोनाम ल्होसार सम्बन्धमाः**

प्रस्तुत विषयमा छलफल गर्दा मिति २०७६।१०।११ गते सोनाम ल्होसार रहेकोमा नेपाल तामाङ्ग घेदुङ बकैया गाउँपालिका कार्य समिती, मकवानपुरले उक्त पर्व बकैया-३, हात्तीसुँडे, बुद्ध मन्दिरमा मनाउन कार्य समितीको बैठकको निर्णय तथा कार्यक्रमको लागि खर्चको प्रस्तावना गरेकोमा उक्त समितीलाई रु. १,५०,०००।– आर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै गौतम बुद्ध पर्यटन पार्क समितीले उक्त पर्वलाई सो पार्कमा नै विशेष रुपमा मनाउन समितीको निर्णय, कार्यक्रमको लागि खर्चको प्रस्तावना तथा वडा नं. ६ कार्यालयको सिफारिशको साथमा आर्थिक सहयोग माग गरेकोमा रु. १,००,०००।– सहयोग गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

बकैया गाउँपालिका मकवानपुर




दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातिसुँडे, मकवानपुर
३ नं प्रदेश, नेपाल